नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

पत्र संख्या:
चलानी नं.

सिंहदरवार
काठमाडौँ, नेपाल।

बाँदर नियन्त्रण सम्बन्धी नवीन उपाय, अनुसन्धान तथा प्रविधि विकास सम्बन्धी प्रस्ताव माग गरिएको सूचना !

(प्रकाशित मितिः २०८२/०८/०१ | नेपाल सम्बत् ११४७ कछलाथवः अष्टमी)

देशभरका विभिन्न स्थानमा कृषकहरूले भोगिरहेको बाँदर आतङ्कको समस्यालाई न्यूनीकरण गरी कृषकहरूको समस्यालाई दीर्घकालीन रूपमा समाधानका लागि वैज्ञानिक अध्ययन, अनुसन्धान तथा नवीन प्रविधिको विकास एवं परीक्षण गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गरिसक्नुभएका वा कार्य गर्न इच्छुक व्यक्ति, कम्पनी वा निकायले आफूले गरेको अनुसन्धान तथा प्रविधि विकासलाई परिष्कृत गरी कार्यान्वयनमा जान सक्ने अवधारणा तथा विस्तृत प्रस्ताव सात दिनभित्र मन्त्रालयमा उपस्थित भई प्रस्तुतिकरण गर्न वा मन्त्रालयको इमेल ठेगाना info@mosti.gov.np मा पठाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

साथै, छनोट भएका उत्कृष्ट अनुसन्धान प्रस्तावको थप अध्ययन अनुसन्धान तथा विकासका लागि आवश्यक आर्थिक अनुदान मन्त्रालयबाट उपलब्ध गराइनेछ । परीक्षणमा सफल भएका प्रविधि तथा उपकरणहरूलाई कृषि तथा वन मन्त्रालयमार्फत् कृषकहरूसम्म पुऱ्याई थप अनुसन्धान, परीक्षण, परिमार्जन तथा उपयोग गरिनेछ।

फोन नं. : ०१-४२००५३९ (मा. मन्त्रीज्यूको सचिवालय), ४२००५४० (सचिवज्यूको सचिवालय), ४२००५५१ (प्रशासन महाशाखा), ४२००५४१ (नीति, योजना तथा स्रोत परिचालन महाशाखा) (विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन महाशाखा)
वेवसाइट : https://mosti.gov.np | इमेल: info@mosti.gov.np